<u>राष्ट्रिय समाचार : 16/10/2026</u>

यो आकाशवाणी हो

प्रमुख समाचारहरु

1) उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज स्वदेशी प्रविधिबाट निर्मित बहुउद्देश्यीय जहाज आईएनएस समर्थकलाई भारतीय नौसेनामा सामेल गराउनु भएको छ।
2) विदेश मन्त्रि डा. एस. जयशङ्करले अक्टोबर १९ र २० तारिख मुम्बईमा UAE तथा अमेरिकी विदेशमन्त्री संग भेट गर्नुहुनेछ

3) रक्षामन्त्री राजनाथ सिंहले कांग्रेस पार्टीले हालैका दिनहरुमा गरेको प्रदर्शनहरूको नियत माथि प्रश्न उठाउँदै, यसलाई निर्वाचनमा हारको बदला, हिंसा र अराजकताको सहारा लिन खोजेको बताउनु भएको छ ।

4) प्रधानमन्त्री-सेतुको छैटौँ राष्ट्रिय निर्देशक समितिको बैठकद्वारा महाराष्ट्र, ओडिशा र जम्मु-काश्मीरका पाँचवटा औद्योगिक प्रशिक्षण संस्थानका लागि करिब १,१ ९४ (एक हजार एक सय चौरानब्बे )करोड रुपैयाँको लगानी योजना स्वीकृत गरेको छ।

अब समाचार विस्तारमा

<u>**उपराष्ट्रपति: आईएनएस समर्थक भारतीय नौसेनामा सामेल</u>

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज कर्नाटकको कारवारस्थित 'आईएनएस कदम्ब' नेभल बेसमा स्वदेशी प्रविधिबाट निर्मित बहुउद्देश्यीय जहाज आईएनएस समर्थकलाई भारतीय नौसेनामा सामेल गर्नुभएको छ। यस समारोहमा नौसेना प्रमुख एड्मिरल कृष्ण स्वामिनाथन, वरिष्ठ नौसेना अधिकारीहरू र कर्नाटकका श्रम मन्त्री उपस्थितिको रहेको थियो। 'मेक इन इन्डिया' पहलअन्तर्गत तमिलनाडुको काट्टुपल्लीमा निर्मित यो जहाज, स्वदेशी प्रविधिबाट बनिरहेका चारवटा बहुउद्देश्यीय जहाजहरूमध्ये

पहिलो हो, जसमा ७५ प्रतिशतभन्दा बढी स्वदेशी सामग्री प्रयोग गरिएको छ। यो जहाज समुद्री निगरानी, गस्ती, तालिम र सहयोग सञ्चालनका साथै हतियार, रडार तथा सेन्सरहरूको परीक्षण, मानवरहित प्रणालीको सहयोग र मानवीय सहायता तथा आपतकालीन राहत कार्यका लागि डिजाइन गरिएको हो। समारोहमा बोल्दै उप राष्ट्रपति ले भंन्नुभयो

**विदेश मन्त्रि : यु ए इ /अमेरिकी विदेश मन्त्रि  भेट**

विदेश मन्त्रि  डा. एस. जयशङ्करले अक्टोबर १९ र २० तारिख मुम्बईमा संयुक्त अरब इमिरेट्सका विदेशमन्त्री शेख अब्दुल्लाह बिन जायद संग भेट गर्नुहुनेछ।  नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी गराउँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले युएईका विदेशमन्त्रीको यो भ्रमण भारत-युएई व्यापक रणनीतिक साझेदारीअन्तर्गत द्विपक्षीय सहयोगका सबै पक्षको समीक्षा गर्ने अवसर रहेको बताउनुभयो;

प्रवक्ताका अनुसार विदेश मन्त्रीले यही महिनाको २० तारिख मुम्बईमा अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग पनि वार्ता गर्नुहुनेछ, अमेरिकी विदेशमन्त्रीको आगामी भ्रमणले दुवै देशलाई भारत-अमेरिका सम्बन्धको समीक्षा गर्न र व्यापक विश्वव्यापी रणनीतिक साझेदारीलाई थप सुदृढ बनाउने उपायहरूबारे छलफल गर्ने अवसर प्रदान गर्ने बताउनुभयो;

**रक्षामन्त्री राजनाथ : लखनऊ प्रेस कन्फरेन्स**

रक्षामन्त्री राजनाथ सिंहले आज, हालैका प्रदर्शनहरूबारे कांग्रेस पार्टीको नियतमाथि प्रश्न उठाउँदै पार्टीले गलत सूचना दिएर मानिसहरूलाई भ्रमित गरिरहेको र निर्वाचनमा हारको बदला, हिंसा र अराजकताको सहारा लिन खोजेको बताउनुभएको छ । लखनऊमा पत्रकारहरूलाई सम्बोधन गर्दै श्री सिंहले  कांग्रेस पार्टी र यसका नेता राहुल गांधीमाथि कडा प्रहार गर्दै महात्मा गान्धीको उपनाम प्रयोग गर्न नहुने बताउनुभयो । चौरीचौरा हिंसापछि गान्धीले आफ्नो आन्दोलन स्थगित गरेका थिए भने अहिले कांग्रेस पार्टी र उसका सहयोगी संस्थाहरूले बंगलादेशबाट प्रेरणा लिँदै सरकार ढाल्ने र सत्ता परिवर्तन गर्ने खुला घोषणा गरिरहेका छन्। श्री सिंहले कांग्रेस शासनकालमा देशमा केही क्षमा गर्न

नसकिने अपराधहरू भएको र वर्तमान मा पनि कांग्रेस पार्टीको कार्यकलाप निन्दनीय छ भनि बताउनुभयो।

समाचार आकाशवाणी बाट सुन्दैहुनुन्छ

समाचार अपडेटहरू प्राप्त गर्न हाम्रो आधिकारिक X ह्यान्डल A I R news underscore gangtok, साथै फेसबुक page Akashvani News Gangtok लाई फलो गर्नुहोस्।

**प्रधानमन्त्री-सेतुको बैठकले: १,१९४ योजना स्वीकृत

प्रधानमन्त्री-सेतुको छैटौँ राष्ट्रिय निर्देशक समितिको बैठकले आज महाराष्ट्र, ओडिशा र जम्मु-काश्मीरका पाँचवटा औद्योगिक प्रशिक्षण संस्थान क्लस्टरहरूका लागि करिब १,१९४ (एक हजार  एक सय चौरानब्बे ) करोड रुपैयाँको लगानी योजना स्वीकृत गरेको छ। कौशल विकास तथा उद्यमशीलता मन्त्रालय का अनुसार यी स्वीकृतिहरूसँगै PM-SETU अन्तर्गत स्वीकृत कुल लगानी हालसम्म ३,६८७ (तिन हजार छ सय सतासी ) करोड रुपैयाँभन्दा बढी पुगेको छ। बैठकलाई सम्बोधन गर्दै मन्त्रालयकी सचिव देवाश्री मुखर्जीले भन्नुभयो, यी स्वीकृतिहरूले आई टी आई हरूलाई सुदृढ बनाउन, तालिममा सुधार ल्याउन र उद्योगको सहभागिता बढाउन मद्दत पुर्‍याउने छ ।

सेवा संकल्प :

प्रधानमन्त्री नरेन्द्र मोदीले 'जनसेवाबाट देशसेवा' को मन्त्र र निरन्तर प्रतिबद्धताका साथ सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्नुभएको छ, जुन यात्रा अझै जारी छ। यही सेवा र सुशासनको दूरदृष्टिबाट प्रेरित भई सरकार सन् २०४७ सम्ममा 'विकसित भारत' को लक्ष्य हासिल गर्न निरन्तर क्रियाशील रहेको छ। समावेशी विकास र सामाजिक सशक्तीकरणका माध्यमबाट यो समर्पणले मानिसहरूको जीवनमा परिवर्तन ल्याइरहेको छ। यस सम्बन्धमा 'जनभागीदारी' जस्ता पहलहरूका माध्यमबाट यो दूरदृष्टिलाई रणनीतिक कार्य कुशलता का साथ कार्यान्वयन भैरहेको उदाहरण हामिमाज  प्रसस्त छन् ।

## प्रवर्तन निर्देशालाय: २९ ठाउँमा छापा

प्रवर्तन निर्देशालयले शेयर हेरफेर प्रकरणमा महाराष्ट्र र गुजरातका ६ शहरका २९ ठाउँमा छापा मारी शङ्कास्पद कागजात र डिजिटल उपकरण जफत गरेको छ। एक आरोपअनुसार ह्वाट्सएप समूहहरूमार्फत भ्रम फैलाएर १ लाखभन्दा बढी साना लगानीकर्तालाई दुई कम्पनीको शेयर किन्न लगाइएको थियो। पछि ती समूह हटाएर शेयरको मूल्य ७०% सम्म घटाइएपछि लगानीकर्ताहरूले ठूलो नोक्सानी व्यहोर्नुपरेको छ।

## गृह मन्त्रालयले जनगणना ऐन, १९४८

गृह मन्त्रालयले जनगणना ऐन, १९४८ अन्तर्गत 'जनगणना (संशोधन) नियमावली, २०२६' लागू गर्दै यस सम्बन्धमा राजपत्र सूचना जारी गरेको छ। यस संशोधनले योग्य गणक हरूको सूचीलाई परिमार्जन गर्दै सम्बन्धित राज्य सरकार वा केन्द्रशासित प्रदेश प्रशासनले उपयुक्त ठानेका शिक्षक, सरकारी अधिकारी, स्थानीय निकायका कर्मचारी र अन्य व्यक्तिहरूलाई समावेश गरेको छ। संशोधित नियमअनुसार सरकारी, स्थानीय निकाय, अनुदानप्राप्त तथा गैर-अनुदानप्राप्त निजी शिक्षण संस्थाका साथै सोसाइटी वा ट्रष्टद्वारा सञ्चालित संस्थाका शिक्षकहरूलाई गणकका रूपमा नियुक्त गर्न सकिनेछ।

## महाषष्ठी पर्व

आज नवरात्रीको महाषष्ठी पर्व हो, यसका साथै देशभर दुर्गा पूजाको औपचारिक सुरुवात भएको छ। देशका अन्य भाग संगै पश्चिम बङ्गाल समग्र राज्य दुर्गा पुजाको आनन्दमा रमिरहेको छ , जहाँ भव्य रूपमा सजाइएका पन्डाल, देवी दुर्गाका कलात्मक मूर्तिहरू र जीवन्त सांस्कृतिक उत्सवहरूले श्रद्धालुहरूलाई स्वागत गरिरहेका छन्। दुर्गा माता को दर्शनका लागि आकर्षक पन्डालहरूअघि जम्मा भएका भिडले उत्सवको रौनक बढाएको छ।

****************

महिला क्रिकेट अन्तर्गत भारत र जिम्बाब्वे टोलीबीचको तीन खेलको टी-२० शृङ्खलाको पहिलो खेल अहिले साँझ ७ बजेदेखि रायपुरमा भैरहेछ , छत्तिसगढका मुख्यमन्त्रीको सुझावअनुसार महिला दर्शकका लागि मैदानमा नि:शुल्क प्रवेशको व्यवस्था गरिएको छ।

अब अन्तमा यस बुलेटिनका प्रमुख समाचारहरु पुनः एक पटक

1) उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज स्वदेशी प्रविधिबाट निर्मित बहुउद्देश्यीय जहाज आईएनएस समर्थकलाई भारतीय नौसेनामा सामेल गराउनु भएको छ।
2) विदेश मन्त्रि डा. एस. जयशङ्करले अक्टोबर १९ र २० तारिखमा मुम्बईमा UAE तथा अमेरिकी विदेशमन्त्री संग भेट गर्नुहुनेछ

3) रक्षामन्त्री राजनाथ सिंहले कांग्रेस पार्टीले हालैका दिनहरुमा गरेको प्रदर्शनहरूको नियतमाथि प्रश्न उठाउँदै, यसलाई निर्वाचनमा हारको बदला, हिंसा र अराजकताको सहारा लिन खोजेको बताउनु भएको छ ।

4) प्रधानमन्त्री-सेतुको छैटौँ राष्ट्रिय निर्देशक समितिको बैठकद्वारा महाराष्ट्र, ओडिशा र जम्मु-काश्मीरका पाँचवटा औद्योगिक प्रशिक्षण संस्थान क्लस्टरहरूका लागि करिब १,१९४ (एक हजार एक सय चौरानब्बे )करोड रुपैयाँको लगानी योजना स्वीकृत गरेको छ।